नेपाल सरकार

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सिंहदरवार

**भारतीय मोवाइल कङ्ग्रेस (India Mobile Congress), २०१८ मा सहभागी भई माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुलप्रसाद बाँस्कोटाज्यूको टोली स्वदेश फर्कनु भएको सम्वन्धमा जारी भएको**

## प्रेस विज्ञप्ती

भारत सरकारको सञ्चार मन्त्रालयको निमन्त्रणामा भारतको राजधानी नयाँ दिल्लीमा अक्टोबर २५ देखि २७ अक्टोबर २०१८ सम्म आयोजित भारतीय मोवाइल कङ्ग्रेस (India Mobile Congress), २०१८ र Ministerial Conclave मा सहभागी भई माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुलप्रसाद बाँस्कोटाज्यू आज स्वदेश फर्कनु भयो। BIMSTEC र ASEAN का सञ्चार मन्त्रीहरु सहभागी रहेको उक्त सम्मेलनमा माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री बाँस्कोटाले सम्बोधन गर्नु भएको थियो। संबोधनका क्रममा माननीय मन्त्री बाँस्कोटाले नेपालमा लामो संक्रमणकाल पछि राजनैतिक स्थायित्व आएको र स्थिर सरकार बनेको अवस्थामा अबको नेपालको यात्रा **"समृद्ध नेपाल सुखि नेपाली"** बनाउने रहेको, दक्षिण एसिया र दक्षिण पूर्वी एसियाको गौरवपूर्ण इतिहास, ज्ञानले भरिपूर्ण पूर्वीय दर्शनको विस्तारमा सूचना प्रविधिले महत्वपूर्ण भूमिका खेल्न सक्ने, यस क्षेत्रमा Seamless Connectivity को प्रत्याभुत गर्नुपर्ने, विपद व्यवस्थापनको लागि क्षेत्रीय रुपमा साझा Framework बनाउनु पर्ने, यस क्षेत्रमा Digital Divide लाई कम गर्न, Green ICT प्रविधिको विकास र विस्तार गर्न र सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा क्षमता अभिवृद्दि गर्न सहकार्य गर्नु पर्ने, SASEC Information Highway लाई विस्तार गरी वा यस्तै अर्को प्रकारको कुनै परियोजना मार्फत यस क्षेत्रका देशहरुलाई जोड्नु पर्ने, काठमाडौंमा आयोजित चौथो विमस्टेक घोषणापत्रमा उल्लेख भए अनुसार यस क्षेत्रको विकास र समृद्धिमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग कसरी प्रभावकरी रुपमा गर्न सकिन्छ? अध्ययन गर्न एक कार्यदल गठन गर्नु पर्ने, यस क्षेत्रमा Roaming र Telephone Tariff घटाउन सहकार्य गर्नु पर्ने जस्ता भनाई राख्नु भएको थियो। भ्रमणको क्रममा मा. मन्त्रीज्यू र भारतका सरकारका सञ्चार राज्य मन्त्री (स्वतन्त्र प्रभाग) र रेल राज्य मन्त्री मनोज सिन्हा वीच द्धिपक्षीय भेटवार्ता भएको थियो। भेटको क्रममा नेपाल र भारतवीचको द्धिपक्षीय सम्वन्धको साथै सञ्चारका क्षेत्रमा नेपाल र भारतको आपसी हित र राष्ट्रियको प्राथमिकताको आधारमा सहयोग तथा सहकार्य गर्ने विषयमा छलफल भएको थियो।

(रामचन्द्र ढकाल)

सहसचिव एवं प्रवक्ता

२०७५ कात्तिक ९ गते, शुक्रबार